# हिमाली सुस्केरा
राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : ४०, २०८३ असार ७ गते आइतवार ( 21 Jun. 2026 ) मूल्य रु. २५।-





प्रदेश सरकारहरुको आगामी आवको कुल, चालु र पुजिगत बजेट ।

## प्रदेश सरकारले ल्याए तीन खर्ब बराबरिको बजेट

सुस्केरा समाचारदाता

डोल्पा, असार । आन्तरिक आय विस्तारमा खासै वृद्धि गर्न नसके पनि प्रदेश सरकारहरूले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि गत वर्षभन्दा पाँच अर्ब रुपियाँ बढी हुने गरी बजेट सार्वजनिक गरेका छन् । आन्तरिक आय विस्तारमा खासै सुधार नहुने आकलनसहित सातै प्रदेश सरकारहरूको एकमुष्ट गरेर दुई खर्ब ९२ अर्ब रुपियाँको बजेट ल्याएका छन् । चालु आव २०८२/८३ मा कुल दुई खर्ब ८७ अर्ब रुपियाँको बजेट ल्याइएको थियो । जुन अघिल्लो आवको तुलनामा १० अर्ब रुपियाँले बढी थियो । केन्द्र सरकारले सामाजिक सुरक्षाका कार्यक्रम, कर्मचारीको तलब र भत्ता तथा ऋणको साँवा ब्याज भुक्तानी जस्ता नियमित दायित्वका कारण चालु खर्चमा ठुलो हिस्सा खर्च गर्नुपने हुन्छ । यस्ता दायित्व प्रदेश सरकारमा खासै नरहने भएकाले सबै प्रदेशको पुँजीगत खर्चको हिस्सा बढी रहेको देखाइएको छ ।

आगामी आवका लागि अन्तरसरकारी वित्तीय हस्तान्तरणबापत कुल एक खर्ब नौ अर्ब ६५ करोड रुपियाँ पाएका सात प्रदेश सरकारले यही प्राप्तिकै आधारमा बजेटको टुङ्गो लगाएका हुन् सो शीर्षकमा सङ्घीय अर्थ मन्त्रालयले प्रदेशस्तरमा सबैभन्दा धेरै मधेश प्रदेशलाई १७ अर्ब ५९ करोड रुपियाँ विनियोजन गरेको थियो । करिब त्यति

....... ..पेज नं. ८ मा

## नेपालको चियामा भारतको अवरोध

सुस्केरा समाचारदाता

इलाम, असार । चिया निर्यातमा भारतले अवरोध गरेपछि पाँच दिनयता बन्दा भएका चिया उद्योगले कुनै निकास पाएका छैनन् । यसले दैनिक २० लाख किलोभन्दा बढी हरियो पत्ति हुर्किएर किसानलाई घाटा भइरहेको छ । भारतीय टी बोर्डले चिया आयातमा कडाइ गरेपछि भारतीय गोदाममा थन्किएको दुई लाख किलोभन्दा बढी तयारी चियाको नमुना परीक्षणको रिपोर्ट एक महिना पूरा हुँदा पनि प्राप्त नभएको व्यवसायीले बताएका छन् ।

चिया उद्योगी ज्ञानी लिम्बूले भारतीय गोदाममा आफ्नो चिया थन्किएको एक महिना पूरा भएको र अहिलेसम्म ल्याब रिपोर्ट नआएको बताउनुभयो । "राम्रो रिपोर्ट आयो भने त बिक्री भएको चियाको पैसा आउँछ नत्र उतै नस्ट गर्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो, "पुन: नेपाल फर्काउन सकिँदैन । फर्काए पनि नेपाल ल्याउँदा ४० प्रतिशत भन्सार तिर्नु पर्छ । पुन: परीक्षणका लागि पनि थप रकम चाहिन्छ ।"

....... ..पेज नं. ८ मा

## रास्वपाको प्रथम महाधिवेशन हुँदै

सुस्केरा समाचारदाता

चितवन, असार । चितवनको भरतपुरमा आजबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को ऐतिहासिक प्रथम महाधिवेशन हुँदैछ ।

महाधिवेशनअघि हिजो शनिबार भरतपुरमा आयोजित केन्द्रीय समितिको बैठकमा बोल्दै पार्टी सभापति रवि लामिछानेले महाधिवेशन पार्टीलाई थप वैधानिक, संस्थागत र लोकतान्त्रिक ढङ्गले अगाडि बढाउने महत्वपूर्ण अवसर भएको बताउनुभएको छ ।

रास्वपाले २०८२ को प्रतिनिधिसभा निर्वाचनमा 'थिति बसाल्ने सङ्कल्प' को मुख्य नारासहित जारी गरेको वाचापत्र २०८२ मा 'सदाचार र असल शासन', 'मध्यम वर्गीय विस्तार', 'काम, काम, काम', 'कनेक्टिभिटी' र 'प्रवास' का विषय मुख्य प्राथमिकतामा

....... ..पेज नं. ८ मा

## अन्तराष्ट्रिय योग दिवसको सन्दर्भ

सुस्केरा समाचारदाता

काठमाडौं, असार । पछिल्लो समय योगप्रति मानिसको आकर्षण बढ्दै गएको छ । स्वस्थ रहन तथा रोगबाट बच्न मानिस योगप्रति आकर्षित हुन थालेका छन् । आधुनिक जीवनशैलीको व्यस्तता, बढ्दो मानसिक तनाव, शारीरिक निष्क्रियता र नसर्ने रोगको बढ्दो जोखिमले गर्दा योगमा मानिसको आकर्षण बढ्न थालेको छ ।

आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डा. वासुदेव उपाध्यायले नियमित योगाभ्यासले व्यक्तिको शारीरिक लचिलोपन बढाउनुका साथै मानसिक शान्ति, भावनात्मक सन्तुलन, आत्मविश्वास तथा आत्मनिर्भरता बढ्ने बताउनुभयो । योगले स्वस्थ जीवनशैली निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले दैनिक जीवनको अभिन्न अङ्ग योगलाई बनाउन आवश्यक रहेको उहाँले

....... ..पेज नं. ८ मा

## डोल्पोबुद्ध गापामा सिबकथोर्न जुस

सुस्केरा समाचारदाता

डोल्पा, असार । डोल्पाको डोल्पोबुद्ध गाउँपालिकाले हिमाली क्षेत्रको बहुमूल्य प्राकृतिक सम्पदाको रुपमा परिचित सिबक्थोर्न को संरक्षण, प्रवर्द्धन तथा मूल्य अभिवृद्धि गर्ने उद्देश्यले सिबक्थोर्न जुस उत्पादन कार्यको सुरुवात गरेको छ ।

सिबक्थोर्न डोल्पाको डोल्पोबुद्ध गाउँपालिकाको उच्च हिमाली क्षेत्रमा समुद्री सतहदेखि करिब ४,५०० मिटरसम्मको उचाइमा नदी तथा खोलाका किनारमा प्राकृतिक रूपमा प्रशस्त पाइने बहुउपयोगी वनस्पति हो । उच्च पोषणयुक्त तथा औषधीय गुणले भरिपूर्ण यस फलमा भिटामिन सी, ओमेगा ३, ६, ७ र ९ लगायतका महत्वपूर्ण पोषक तत्व पाइन्छन् । यही कारणले यसलाई "धर्तीको अमृत", "सञ्जीवनी बुटी" तथा "हिमालयन सुपर फ्रुट" का रूपमा समेत चिनिन्छ ।

उच्च पोषणयुक्त तथा औषधीय गुणले भरिपूर्ण भए पनि यसको महत्व र उपयोगिताबारे स्थानीय स्तरमा पर्याप्त जानकारी नहुँदा यसको उचित उपयोग हुन सकेको थिएन । साथै संरक्षण र प्रवर्द्धनको अभावका कारण यसको दिगो व्यवस्थापनमा चुनौती देखिने गरेको छ

....... ..पेज नं. ८ मा

## कर्णाली प्रदेश सरकारको साढे ३५ अर्ब बजेट

सुस्केरा समाचारदाता

डोल्पा, असार । कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ३५ अर्बको बजेट ल्याएको छ । सोमबारको प्रदेश सभामा आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले आवका लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रुपियाँको बजेट प्रस्तुत गर्नुभएको हो ।

यो चालु आव २०८२/८३ को तुलनामा ७.२८ प्रतिशतले बढी हो । सरकारको अनुमानित वार्षिक खर्च बेहोर्ने मुख्य स्रोत राजस्व भए पनि कर्णालीमा आन्तरिक स्रोत निकै कमजोर छ ।

चालुतर्फ आठ अर्ब ६० करोड ४५ लाख ५६ हजार (२४.३१ प्रतिशत), पुँजीगततर्फ २० अर्ब ७४ करोड ६७ लाख १२ हजार रुपियाँ (५८.३१ प्रतिशत) बराबरको बजेट प्रस्तुत भएको छ । यस्तै वित्तीय व्यवस्थातर्फ ५० करोड (१.४१ प्रतिशत) बराबरको बजेट छ ।

आगामी वर्षका लागि सरकारले प्रस्तुत गरेको बजेट धान्ने स्रोतका रूपमा आन्तरिक आय ८५ करोड पाँच लाख ९० हजार, चालु आवमा खर्च नभई बचत हुने करिब छ अर्ब ४१ करोड ५१ लाख रुपियाँ परिचालन गर्ने जनाईएको छ । यस्तै सङ्घीय सरकारबाट राजस्व बाँडफाँट अन्तर्गत प्राप्त १० अर्ब ६६ करोड ५० लाख ४९ हजार, वित्तीय समानीकरण अनुदान १० अर्ब ६३ करोड २३ लाख, ससर्त अनुदानतर्फ पाँच अर्ब ६७ करोड २५ लाख रुपियाँ परिचालन गर्ने जनाएको छ ।

आगामी वर्ष समपूरक अनुदान ६६ करोड ७८ लाख र विशेष अनुदान ४८ करोड ५६ लाख रुपियाँ स्रोत परिचालन गरिने जनाइएको छ । आगामी आव कर्णालीका

....... ..पेज नं. ८ मा

जि.प्रशा.का.डो.द.नं. १/०५८/०५९
जि.हु.का.डो.द.नं. १/०५८/०५९


## प्रदेश सरकारले ल्याए ... ....

नै कोशी प्रदेशले १७ अर्ब २० करोड ८२ लाख रुपियाँ पाएको छ । सबैभन्दा कम गण्डकी प्रदेशलाई १२ अर्ब ७२ करोड रुपियाँ छुट्याइएको थियो । लुम्बिनी प्रदेशका लागि १४ अर्ब ४१ करोड, बागमती प्रदेशलाई १५ अर्ब २१ करोड र सुदूरपश्चिम प्रदेशलाई १६ अर्ब एक करोड रुपियाँ विनियोजन गरिएको थियो ।

आगामी आव २०८३/८४ का लागि सात प्रदेशमध्ये सबभैन्दा धेरै वित्तीय हस्तान्तरणबाट बजेट पाए पनि मधेश प्रदेशले नै सबैभन्दा धेरै करिब पाँच अर्ब ४५ करोड रुपियाँले बजेट घटाएको छ । करिब समान अनुदान पाएको कोशी प्रदेशले चार अर्ब ५७ करोड रुपियाँले बजेटको आकार बढाएको छ । बागमती प्रदेशले भने ५४ करोड रुपियाँ मात्रै बजेट घटाएको छ ।

सबैभन्दा कम अनुदान पाएको गण्डकी प्रदेशले एक अर्ब ४२ करोड रुपियाँले बजेटको आकार बढाएको छ । लुम्बिनी प्रदेशले दुई अर्ब १४ करोड रुपियाँ र कर्णाली प्रदेशले दुई अर्ब ४० करोड रुपियाँले बजेटको आकार बढाएका हुन् । सुदूरपश्चिम प्रदेशले चार अर्ब २३ करोड रुपियाँले बढाएर कुल ३७ अर्ब ७० करोडको बजेट ल्याएको छ । आन्तरिक राजस्व सङ्कलनमा मधेश प्रदेश सबैभन्दा बढी आकाङ्क्षी देखिएको छ । सो प्रदेशले आगामी आवमा ११ अर्ब २२ करोड रुपियाँ यस्तो राजस्व प्राप्त गर्ने तय गरेको छ । सोही हाराहारीमा लुम्बनी प्रदेशले ६ अर्ब ६१ करोड आन्तरिक राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको छ । यद्यपि सबैभन्दा धेरै बागमती प्रदेशको आन्तरिक राजस्वको लक्ष्य ३० अर्ब १५ करोड रुपियाँ रहेको छ । कोशीले यस्तो आय साढे पाँच अर्ब पुऱ्याउने ध्येय राखेको छ भने कर्णालीले भने ८५ करोड पाँच लाख रुपियाँ मात्र यस्तो आय सिर्जना गर्ने उल्लेख गरेको छ । सुदूरपश्चिम प्रदेशले एक अर्ब ७२ करोड रुपियाँ प्राप्त गर्ने आकलन गरिएको छ ।

राजस्व बाँडफाँटबापत प्राप्त हुने रकम पनि प्रदेश सरकारको बलियो आम्दानीको आधार बनाएको देखिन्छ ।

## कर्णाली प्रदेश ....... ... ..

स्थानीय तहलाई अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत पाँच अर्ब ५४ करोड ७२ लाख ८० हजार (१५.६७ प्रतिशत) बराबरको बजेट पठाइने छ । जसमा वित्तीय समानीकरण अनुदान पाँच करोडले वृद्धि भई एक अर्ब रुपियाँ पुऱ्याइएको छ । यस्तै समपूरक अनुदानमा सबै स्थानीय तहलाई समेट्ने गरी एक अर्ब १८ करोड ५० लाख पठाइने छ । स्थानीय तहको असमानता हटाउन आगामी वर्ष प्रदेश सरकारले विशेष अनुदानबापत ४८ करोड ५० लाख रुपियाँ स्थानीय तहमा पठाउने छ । यस्तै ससर्त अनुदानबापत एक अर्ब ७३ करोड ६१ लाख ८० हजार रुपियाँ बराबरको बजेट स्थानीय तहमा हस्तान्तरण हुने छ । आगामी वर्षका लागि मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहलाई एक अर्ब १५ करोड ४४ लाख रुपियाँ बराबरको बजेट पठाइने र बजेटमा कर्णाली सरकारले कृषि र पशुपालन क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको आर्थिक तथा योजना मन्त्री शाहले बताउनु भयो ।

## डोल्पोबुद्ध गापामा ......

। यस अवस्थालाई मध्यनजर गर्दै डोल्पोबुद्ध गाउँपालिकाले सिबक्थोर्नको संरक्षण, प्रवर्द्धन तथा मूल्य अभिवृद्धिका लागि वडा नं. १, धोमा सिबोकथोर्न प्रशोधन तथा उत्पादन केन्द्र (प्रोसेसिङ प्लान्ट) स्थापना गरेको छ । गाउँपालिकाको पहलमा यो प्लान्ट स्थापना भएको हो ।

## रास्वपाको प्रथम .. .... ....

राखेको छ ।

सार्वभौमिकता, स्वाधीनता, भौगोलिक अखण्डता र स्वाधिमानलाई अक्षुण्ण राख्दै सो बमोजिमको प्रतिफल स्वरुप 'समुन्नित' पाँच वर्षभित्र भुक्तान गने सर्तमा नागरिक करार मञ्जुरपत्र गरेको छ ।

सञ्चार कर्म परित्याग गर्दै सभापति लामिछानेले २०७९ असार ७ गते काठमाडौँमा एक कार्यक्रम आयोजना गरी 'राष्ट्रिय स्वतन्त्र पार्टी' को घोषणा गर्नुभएको हो । जसको मुख्य नारा सार्वजनिक भयो, 'अब जान्नेलाई छान्ने' ।

सभापति रवि लामिछाने पहिलो पटक २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा चितवन क्षेत्र नं २ बाट

## काइके भाषा सम्बन्धी ............

बताउनुभयो । "मानिसहरू पछिल्लो समय मानसिक तनाव, अनियमित जीवनशैली र विभिन्न नसर्ने रोगहरूको जोखिमसँग जुधिरहेका छन्," उहाँले भन्नुभयो, "यस्ता चुनौतीको सामना गर्न योग एक सरल, सहज, प्रभावकारी र वैज्ञानिक अभ्यासका रूपमा स्थापित भएको छ ।"

डा. उपाध्यायले बुढ्यौलीमा शरीरका विभिन्न अङ्गहरूको कार्यक्षमता क्रमशः घट्दै जाने, शारीरिक सक्रियता कम हुने भएकाले योगको महत्व बढेको छ ।

## नेपालको चियामा ..........

उहाँका अनुसार अहिले एउटा नमुना परीक्षणका लागि साढे १३ हजार भारतीय रुपियाँ खर्च हुने गरेको छ ।


**विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं**

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्को जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु विशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं**

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिंचाइको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।

**खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाताः बीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# योजना वितरण प्रणाली

वास्तवमा विकास योजना देश विकासको प्रमुख अंग हो । विकास योजना परिचालन नभईकन देशको सही विकास सम्भव छैन । त्यस कारण पनि देशको परिवर्तनकारी, प्रगतिशील, बिना भेदभाव, स्वचालित प्रणाली तथा विधि थिति र प्रक्रिया अनुसार विकास योजना छनोट हुनु पर्छ, अनि मात्र देशको सही विकास सम्भव छ । ना की महिनौ मन्त्रीहरु, मन्त्रीका स्वकीय, आसेपासे र कर्मचारीतन्त्रलाई भनसुनको भरमा योजना ल्याएको धाक देखाउदै ती योजनाहरुलाई कमाउने भाँडो का रुपमा लिनु अत्यन्त दुखद विषय हो । भने उता मन्त्री, मन्त्रालयले पनि आवश्यकताको आधारमा, विधि प्रक्रिया, स्वचालित प्रक्रिया तथा विधिवध रुपबाट भन्दा पनि त्यही भनसुनका आधारमा योजना बाँड्ने परम्पराले विकासलाई सही दिशा दिदैन भन्ने सबैलाई लाग्नु पर्छ । तर योजना दिने र योजना लिने व्यक्तिहरुलाई पटक्कै पछुताव पाइदैन । उनीहरुले खुलेआम रुपमा मैले ल्याए, फलाना मन्त्रीले मेरा लागि यो त्यो योजना दिए लगायतका विषयहरु यत्रतत्र सुन्न पाइन्छ ।

यसले के देखाउछ भने विकास योजना वितरणमा न्यायिक अवस्था ठिक छैन भन्ने बुझ्नु पर्छ । यस प्रकारको योजना देश विकासको निष्पक्ष र आवश्यकतामुखि हुनु पर्ने योजनाहरु योजना मैलो मागे उसले मेरा लागि दियो भन्दै योजनालाई कमाउने माध्यमका रुपमा लिने र मन्त्री लगायत योजना भनसुनका माध्यमबाट वितरण गने ले पनि लाजै नमानी फलानालाई यो र यी योजना हालि दिएको छ । तथा तिम्रा लागि योजना हालेको हो भन्दै सम्वन्धित कार्यालयहरुले मैले योजना यति उति खर्च गरेर ल्याएको योजना भन्दै काम सोचे अनुसार तथा लागत अनुमान अनुसार गुणस्तरको काम नगर्ने अनि बाँडिचुडि खाने परम्पराले समस्या पार्ने गरेको मात्रै होइन, यसरी योजनाहरु दिने लिने विधि र प्रणालीले विकासका योजनाहरु वितरण प्रणाली कुन स्तरको छ भन्ने प्रस्ट बुझाउछ । यस अघिका विभिन्न वर्षहरुमा पनि नेपालका सबै तहका सरकारले वितरण गर्ने विकास योजनाहरु पारदर्शी, विधि र प्रणाली अनुसार, आवश्यकताका आधार मा योजना वितरण गर्ने गरिएको हुनु पर्ने हो तर त्यसो हुन नसकेको सम्बन्धित निकायले स्वीकार गर्नु आवश्यक छ ।

योजना वितरणका लागि योजना बैंक बनाएर त्यही योजना बैंकबाट योजनाहरु आवश्यकताका आधारमा प्राथमिकिकरण गरेर योजना वितरण गर्ने प्रणाली स्थापित गरेको देखिन्छ तर त्यो विधि मुख्यमन्त्रीले मात्र परिपालना गर्न गराउन लगाएर मात्र हुँदैन । सबै एकै नासले विधि तथा कार्यविधि अनुसार काम गर्न प्रतिवद्ध हुन आवश्यक छ । ती विधि अनुसार सरकारले योजना वितरण गर्ने हो भने कुनै समस्या हुँदैन, तर त्यसो हुन नसक्नुमा आसिमित योजना आवश्यकता, सिमित स्रोत विकास गर्ने होइन विकास खाने प्रकारको जनताको मानसिकता, मैले ल्याए भन्दै योजनालाई राजनीति गर्ने माध्यम बनाउने नेता तथा जनप्रतिनिधिहरुकै नियत लगायतका विधित स्वार्थगत पक्षहरुले गर्दा देशको यथार्थ विकास योजना वितरणमा केही जनगुनासाहरु रहने गरेको पाइन्छ । सम्बन्धित पक्षले समयमा नै सोच्नु आवश्यक छ ।

# आशाको डोरी

कृष्ण बाउसे
गोरखापत्रबाट

फुटेको घन्टीको लयमा
लडखडाउँदै बगिरहेका
प्लास्टिकका थोत्रा झोला
र कुच्चिएका बोतलको

चीत्कारले विचलित नबनी
उषाले बिनाभेदभाव
भूगोललाई चुमेको देखेर
प्रदूषित पानीमै पनि
मुस्काउँदै छिन् शुक्लपक्षकी जून ।

दुई किनारका पर्खालको चेपमा
मुस्किलले सास फेरिरहेको
धोबीखोलाको कुहिरोभित्र
दुनियाँ ब्युँझनुअघि नै
उभिएको छ एउटा बकुल्लो ।

नवजात सूर्यको नयनमा जस्तै
उसको मनमा पनि छ आशाको बिस्कुन
नभए पनि खोलामा माछा ।

अचेल बस्तीहरूबाट
पानीको सट्टा
विषादी बग्छ भनेर
कसैले नपारिदिनू बकुल्लाको कानमा ।

आशाको डोरी चुँडिएर
जो पछारिए पनि
आखिर
ब्रह्माण्डको अंश नै खस्ने हो समयको पिँधमा ।

# प्रेमको वर्षमालामा

डा.ऋषि बस्ताकोटी
गोरखापत्रबाट

धातुलाई पगालेर
पत्थरलाई आकार दिएर

शिल्पीले मूर्ति बनाइसकेपछि
मन्दिरभित्र विराजमान हुँदा

शिल्पी अछुत बनेर लुसुक्क बाहिरिए जस्तै
कठ्याङ्ग्रिँदा यादहरू बिलाउँदै

समयले कोल्टो फेरेपछि
हिउँदका अन्तिम सिलसिलाहरू

वसन्तसँग छुट्दै गए झैँ
समयसँग पौंठेजोरी खेल्दै
हर्केको एउटा बोटमा
बेला आएपछि

ढकमक्क फूल फुलेर
मौरी धुरिन थालेपछि
जराको अस्तित्व युगले बिर्से झैँ
कथामा नभेटिने गरी

गीतमा नगाइने गरी
तिम्रो प्रेमको वर्णमालामा
लेख्दालेख्दै
छुटेको अक्षर हो ऊ !

खेलकुद

# बास्केटबलको उपाधि बुढानीलकण्ठलाई

सुस्केरा समाचारदाता

काठमाडौं, असार । १० औं राष्ट्रिय महिला खुला बास्केटबल प्रतियोगिता को उपाधि बूढानीलकण्ठ नगरपालिका ले जितेको छ ।

कीर्तिपुर कभर्डहलमा भएको फाइनल खेलमा बूढानीलकण्ठ ग्रान्डी स्टार्सलाई ५०-३७ ले पराजित गर्दै च्याम्पियन बनेको हो । बूढानीलकण्ठले १३-६, १४-७, १३-१४, १०-१० को प्रदर्शन गरेको थियो ।

सेमिफाइनलमा बूढानीलकण्ठले सुनसरी बास्केटबल एसोसिएसन र ग्रान्डी स्टार्सले आइएसए नेपाललाई पराजित गरेका थिए । बुढानिलकण्ठकी ऊर्जा राना मगर फाइनल खेलको प्ले अर अफ दी म्याच घोषित हुनुभयो । उपाधिसँगै बूढानीलकण्ठले ५० हजार रुपियाँ पायो ।

उपविजेता ग्रान्डी स्टार्सले ३० हजार रुपियाँ प्राप्त गरेको छ । च्याम्पियन टिमकी अनुसा मल्ल मोस्ट भ्यालुएबल प्लेअर घोषित हुनुभयो । उहाँले १० हजार रुपियाँ पाउनुभयो । उदीयमान टोली बनेको सुनसरी बास्केटबल एसो सिएसनले पनि १० हजार रुपियाँ पायो उपत्यका बाहिरबाट सहभागी टिमको उदीयमान खेलाडी अन्नपूर्ण बास्केटबल एसोसिएसनकी निर्बिता शर्मा बन्नुभयो । उहाँले पाँच हजार रुपियाँ पाउनुभयो ।

उता २६ औं खुला तथा ११ औ महिला राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको उपा धि एफएम रुपेश जैसवाल र कृतिसरा अधिकारीले जित्नुभएको छ ।

पाल बुद्धिचाल महासङ्घको तत्त्वावधान मा प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेश लगायतको आयोजनामा भयो ।

# एआई युगको शैक्षिक मार्गचित्र

- रुद्रहरि भण्डारी

...... एआईको भर पर्छ, उसको स्वतन्त्र रूपले सोच्ने क्षमता भुत्ते हुँदै जान्छ । सिर्जनात्मक क्षे त्रमा पनि एआईको दबदबा बढ्दा मानिसको मौलिकता हराउने डर पै दा भएको छ ।

एआई कुनै सर्वज्ञानी भगवान् हो इन । यसले कतिपय अवस्थामा आत्मविश्वासका साथ गलत तथ्य पनि पस्कन्छ । विद्यार्थीले त्यस्ता गलत तथ्यलाई सत्य मान्दा समाज मा ठूलो भ्रम सिर्जना हुन सक्छ । साथै अधिकांश एआई मोडेल पश्चि मी डाटामा प्रशिक्षित भएकाले ने पालको स्थानीय इतिहास, संस्कृति र मौलिक ज्ञानलाई यिनीहरूले सही रूपमा प्रस्तुत गर्न सक्दैनन् । हाम्रा बालबालिकाले एआईबाट मात्र सिक्दा हाम्रो आफ्नै पहिचानमाथि सांस्कृतिक अतिक्रमण हुने प्रबल सम्भावना र हन्छ ।

नेपाल जस्तो देशमा 'डिजिटल ग्याप' वा प्रविधिको असमान पहुँच अको तितो यथार्थ हो । सहरका विद्यार्थी च्याटजिपिटीका कुरा गर्दा दूरदराजका विद्यालयमा अझै बिजुलीको समेत पहुँच छैन । एआईको आगमनले धनी र गरिबबिचको शैक्षिक खाडललाई अझ फराकिलो बनाउने निश्चित छ । यदि राज्यले समान पहुँच सुनिश्चित गर्न सकेन भने यसले समाजमा नयाँ किसिमको प्राविधिक वर्गविभाजन ल्याउने छ ।

एआई साक्षरता अनिवार्य

अबको २१ औं शताब्दीको साक्षरता भनेको केवल अक्षर चिन्नु मात्र होइन । प्रविधिलाई चिन्नु र त्यसलाई आफ्नो नियन्त्रणमा राखी सही ढङ्गले प्रयोग गर्नु नै अबको वास्तविक साक्षरता हो । एआई साक्षरतामा मुख्यतया तीन वटा कुरा समावेश हुनु पर्छ :

आलोचनात्मक विश्लेषण : एआईले दिएको उत्तर गलत हुन सक्छ भनेर बुझ्ने र अन्य स्रोतसँग तुलना गर्ने क्षमता ।

नैतिक प्रयोग : कति बेला एआईलाई सहयोगी साधनका रूपमा प्रयोग गर्ने र कति बेला आफ्नै दिमाग प्रयोग गर्ने भन्ने विवेक ।

प्राविधिक सिप : एआईलाई सही प्रश्न सोधेर उत्कृष्ट नतिजा निकाल्ने कला ।

शिक्षण क्रियाकलापमा नयाँ मार्गचित्र वर्तमान परिवेशमा शिक्षकले केवल उपदेश दिएर वा कडा नियम बनाएर मात्र विद्यार्थीको आकर्षण फर्काउन सम्भव छैन । शिक्षकले आफ्नो पर म्परागत प्रवचन शैलीलाई त्यागेर सहजीकरण शैली अपनाउनु अबको एक मात्र विकल्प हो । शिक्षक अब सूचना वितरण गर्ने हुलाकी होइन, मार्गदर्शक वा सहजकर्ता बन्नु पर्छ ।

शिक्षण विधिलाई परिवर्तन गरी विद्यार्थीलाई साना समूहमा विभाजन गर्नु पर्छ । उनीहरूलाई कुनै जटिल विषय दिएर डिजिटल माध्यमबाट खो ज गर्न खुला छुट दिनु पर्छ तर त्यसको सार र विश्लेषण आफ्नै शब्दमा बुझ्ने को हुनु पर्छ । यसले रटेर सार्ने प्रवृत्तिको अन्त्य गर्छ । विद्यार्थीले खोजे को सामग्री कक्षामा प्रस्तुतीकरण गर्न लगाउनु पर्छ र अन्य साथीहरूबाट आउने प्रश्नको तर्कसङ्गत उत्तर दिनुपर्ने नियम बसाल्नु पर्छ । जब विद्यार्थीले प्रश्नको उत्तर दिनुपर्ने हुन्छ, उनीहरू विषयवस्तुको गहिराइमै पुगेर अध्ययन गर्न बाध्य हुन्छन् ।

यस सन्दर्भमा 'उल्टो कक्षाकोठा' एक उत्कृष्ट नमुना हुन सक्छ, जहाँ विद्यार्थीले घरमा एआईको मद्दतले सैद्धान्तिक कुरा पढ्छन् र विद्यालयमा शिक्षकसँग ................. (गोपबाट)

संस्कृति, कला, बाल संशार



सम्मानानिय राष्ट्रपतिको उपस्थितिमा भोटो देखाउदै भोटो जात्रा सम्पन्न ।

# स्थानीय तह बजेट ल्याउने तयारीमा

सुस्केरा समाचारदाता

डोल्पा, असार । स्थानीय तहले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेटको निर्माण तीव्र बनाइरहँदा आमनागरिकलाई स्थानीय तहको बजेटप्रति चासो बढ्न थालेको छ । सङ्घीय सरकार र सातै प्रदेश सर कारले सुशासनलाई प्राथमिकता दिँदै आगामी आवको बजेट सार्वजनिक गरि सकेका छन् ।

संविधान र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले सङ्घीय सरकारले जेठ १५ गते, प्रदेश सरकारले असार १ गते र स्थानीय सरकारले असार १० गतेभित्र आगामी आवको नीति, कार्यक्रम र बजेट आआफ्नो सभामा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ । त्यसैले अहिले सबै स्थानीय तहमा आगामी आवको नीति, कार्यक्रम र बजेट सार्वजनिक गर्ने तयारी गरिरहे का छन् ।

यस अगाडिका अधुरा रहेका योजना सम्पन्न गर्नुका साथै सुशासन, से वा प्रवाहलाई उच्च प्राथमिकता दिँदै नीति, कार्यक्रम र बजेट ल्याउन स्था नीय शासनविज्ञले स्थानीय तहलाई सुझाव दिएका छन् । डिजिटल सेवा प्रवाहलाई प्राथमिकता दिँदै सुशासन कायम गर्ने विषयलाई प्राथमिकतामा राखेर स्थानीय तहले नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गर्नुपर्ने सुझाव उहाँहरूको छ ।

नेपाल सरकारका पूर्वसचिव कृष्णहरि बाँस्कोटाले स्थानीय तहले बजेटमार्फत सहज सेवा प्रवाह र सुशासन कायम गरी यसअगाडि बाँकी रहेका अधुरा योजना कार्यान्वयन गर्न सकिने गरी बजेटको प्राथमिकता लिनुपर्ने बताउनु हुन्छ ।

उहाँले भन्नुभयो, "अधिकांश स्थानीय तहमा आफ्नै टोल, बस्ती र गाउँमा सडक, खानेपानी, सिँचाइ पुऱ्याउने काम अन्तिम चरणमा पुगिसकेका छन् । बजेट सुशासनका लागि बन्नु पर्छ ।

## सामान्य ज्ञान ४०

१. हालै सरकारले नागरिक एपमा कुन कुन व्यक्तिगत पञ्जीकरणका सूचना एकीकृत गर्ने प्रक्रिया अघि बढाएको छ ?

☐ जन्म, विवाह र सम्बन्धविच्छेदसम्बन्धी दर्ता ।

- जन्म, विवाह र सम्बन्धविच्छेद जस्ता राष्ट्रिय पञ्जीकरणका सूचना नागरिक एपमा एकीकृत गरिने भएको ।
- लक्ष्य : डिजिटल सुशासन सुदृढ गर्ने र नागरिक सेवालाई अनलाइन मा ध्यमबाट तीव्र बनाउने ।
- अन्तिम चरणमा रहेका अन्य सेवा : निजामती कर्मचारीको व्यक्तिगत विवरण, लोक सेवा आयोगको परीक्षार्थी प्रवेशपत्र, वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन सर्टिफिकेट' एनओसी) ।

२. नेपाली चिकित्सा जगतमा आधुनिक शल्यक्रिया र न्युरो सर्जरी सेवाको जग बसाल्ने विशिष्ट चिकित्सक प्राडा दिनेशनाथ गङ्गोलको निधन कहिले भएको हो ?

☐ विसं २०८३ वैशाख ८ (९२ वर्षको उमेरमा)

- उपकरण र पूर्वाधार अभावका बिच सन् १९६० को दशकमा वीर अस्पतालबाट जटिल मस्तिष्क शल्यक्रिया सुरु गरी नेपालमै विशेषज्ञ उपचार सम्भव बनाउने उहाँ एक युग प्रवर्तक चिकित्सक हुनुहुन्थ्यो ।
- विशेष पहिचान : नेपालमा आधुनिक न्युरो सर्जरी सेवा सुरु गर्ने प्रथम चिकित्सक ।
- सेवा र अनुभव : वीर अस्पतालमा करिब चार दशक सेवा ।

# आत्मनिर्भरताको आधार

- डा. देवीप्रसाद आचार्य

.... उद्योग आन्दोलनलाई थप सशक्त बनाउन सकिन्छ । त्यसैगरी युवालाई उद्यमशीलतामा आकर्षित गर्नु समयको आवश्यकता हो । आजको युवा पुस्तामा नवीन सोच, प्रविधिको ज्ञान र सिर्जनशील क्षमता रहेको छ । यदि राज्यले सहुलियतपूर्ण ऋण, व्यवसायिक तालिम, प्रविधि हस्तान्तरण तथा बजार पहुँच सुनिश्चित गर्नसके हजारौं युवा स्वदेशमै उद्योग सञ्चालन गर्न सक्षम हुनेछन् । यसले बेरोजगारी न्यूनीकरणका साथै उत्पादन र कर राजस्व वृद्धि गर्न मद्दत पुऱ्याउनेछ ।

घरेलु उद्योग विकासका लागि राज्यको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । उद्योगमैत्री नीति, सरल प्रशासनिक प्रक्रिया, सहुलियतपूर्ण वित्तीय सुविधा तथा पूर्वाधार विकासविना घरेलु उद्योगको दिगो विकास सम्भव हुँदैन । उद्योग दर्ता, कर प्रशासन, कर्जा प्रवाह तथा अनुमति प्रक्रियालाई सरल र पारदर्शी बनाउनु आवश्यक छ । विद्युत्, सडक, सञ्चार, भण्डारण तथा प्रशोधन केन्द्रको उपलब्धता सुनिश्चित गर्नुपर्छ । हाल देशका बैंक तथा वित्तीय संस्थामा ठूलो मात्रामा तरलता रहेको चर्चा हुने गरेको छ । तर उद्योग क्षेत्रमा लगानी प्रवाह अपेक्षित रूपमा हुन सकेको छैन । लगानीकर्तामा नीतिगत अस्थिरता, राजनीतिक हस्तक्षेप तथा बजार अनिश्चितताप्रति चिन्ता देखिन्छ । यस्ता समस्या समाधान गरी लगानीमैत्री वातावरण निर्माण गर्नसके घरेलु उद्योग क्षेत्रमा निजी क्षेत्रको सहभागिता उल्लेखनीय रूपमा बढ्न सक्छ ।

नेपालमा घरेलु उद्योगसँग सम्बन्धित अर्को चुनौती बजार व्यवस्थापन हो । उत्पादन भएपछि बजार नपाउने समस्या धेरै उद्यमीले भोगिरहेका छन् । उत्पादन, प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ र बजारीकरणलाई एकीकृतरूपमा विकास गर्न नसक्दा धेरै उद्योग प्रतिस्पर्धी बन्न सकेका छैनन् । यसका लागि सहकारी, निजी क्षेत्र तथा सरकारी निकायबीच समन्वय आवश्यक छ । डिजिटल प्रविधि विकासले घरेलु उद्योगका लागि नयाँ अवसर सिर्जना गरेको छ । सामाजिक सञ्जाल, ई-कमर्स प्लेटफर्म तथा डिजिटल भुक्तानी प्रणालीमार्फत साना उद्यमीहरूले पनि आफ्नो उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन सक्छन् । डिजिटल मार्केटिङ, अनलाइन बिक्री तथा ब्रान्ड निर्माणका माध्यमबाट घरेलु उद्योगको प्रतिस्पर्धात्मक क्षमता बढाउन सकिन्छ ।

आज विश्वका धेरै विकसित राष्ट्रले आर्थिक विकासको आधार साना तथा मझौला उद्योगलाई बनाएका छन् । जापान, दक्षिण कोरिया, जर्मनी, चीन तथा भारतका आर्थिक सफलतामा साना उद्योगको उल्लेखनीय योगदान रहेको छ । ती देशले स्थानीय उत्पादनलाई संरक्षण, प्रवर्धन र बजार पहुँच प्रदान गरी औद्योगिक विकासलाई गति दिएका छन् । नेपालले पनि यस्ता अनुभवबाट सिक्दै घरेलु उद्योगलाई राष्ट्रिय विकास रणनीतिको केन्द्रमा राख्नुपर्छ । अमेरिकी अर्थशास्त्री माइकल पोर्टरले भनेका छन्, 'साना उद्यमहरूको सफलता नै ठूलो अर्थतन्त्रको बलियो जग हो ।' वास्तवमा कुनै पनि बलियो अर्थतन्त्र हजारौं साना तथा मध्यम उद्योगको संयुक्त योगदानबाट निर्माण हुन्छ । नेपालमा पनि घरेलु उद्योग विस्तारले मात्र उत्पादन, रोजगारी र आयवृद्धिको दिगो आधार तयार गर्न सक्छ ।

नेपालले आयात प्रतिस्थापन र निर्यात प्रवर्धनलाई समानान्तररूपमा अगाडि बढाउन आवश्यक छ । स्थानीयरूपमा उत्पादन गर्न सकिने वस्तु स्वदेशमै उत्पादन गर्ने र उच्च गुणस्तरका उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने रणनीति अवलम्बन गर्नुपर्छ । यसले विदेशी मुद्रा बचत गर्नुका साथै विदेशी मुद्रा आर्जनको अवसर पनि सिर्जना गर्नेछ । घरेलु उद्योगको विकासलाई आर्थिक गतिविधिका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन । यो राष्ट्रिय स्वाभिमान, आत्मनिर्भरता र स्थानीय उत्पादन संस्कृतिसँग पनि प्रत्यक्ष जोडिएको विषय हो । कुनै पनि देश तबमात्र वास्तविक रूपमा आत्मनिर्भर बन्न सक्छ, जब त्यसका नागरिकको दैनिक आवश्यकताको अधिकांश वस्तु आफ्नै देशमा उत्पादन हुन्छन् । नेपालमा भने पछिल्ला वर्ष सामान्य कृषि उत्पादनदेखि दैनिक उपभोग्य सामग्रीसम्म आयातमा निर्भरता बढ्दै गएको छ । यस्तो अवस्थाले राष्ट्रिय अर्थतन्त्र कमजोर बनाउनुका साथै स्थानीय उत्पादन प्रणालीलाई समेत प्रभावित बनाएको छ । त्यसैले घरेलु उद्योग विकासलाई राष्ट्रिय अभियानका रूपमा अगाडि बढाउन आवश्यक देखिन्छ ।

देशमा प्रत्येक स्थानीय तहको आफ्नै विशेषता, स्रोत र उत्पादन क्षमता रहेको छ । हिमाली क्षेत्रमा जडीबुटी, स्याउ, आलु तथा पशुपालनमा आधारित उद्योग स्थापना गर्न सकिन्छ । पहाडी क्षेत्रमा सुन्तला, कागती, अदुवा, बेसार, मह, अल्लो तथा दुग्धजन्य उद्योगको सम्भावना छ भने तराई क्षेत्रमा धान, गहुँ, मकै, तेलहन, उखु तथा तरकारी जन्य उत्पादनमा आधारित उद्योगहरू सञ्चालन गर्न सकिन्छ । स्थानीय स्रोत र सम्भावना पहिचान गरी क्षेत्रगत औद्योगिक विकासको अवधारणा लागू गर्नसके देशभर सन्तुलित आर्थिक विकास सम्भव हुनेछ । घरेलु उद्योग विकासमा सहकारी क्षेत्रको भूमिका पनि महत्वपूर्ण हुन सक्छ । ग्रामीण क्षेत्रमा छरिएर रहेका किसान तथा साना उत्पादकलाई सहकारीमार्फत संगठित गरी उत्पादन, प्रशोधन र बजारीकरण व्यवस्था गर्न सकिन्छ । यसले उत्पादन लागत घटाउनुका साथै बजार पहुँच विस्तार गर्न सहयोग पुऱ्याउँछ ।

धेरै किसानले उत्पादन त गर्ने तर बजार नपाउने समस्या भोगिरहेका छन् । सहकारी र उद्योगबीचको समन्वयले यो समस्या समाधान गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ


## नसर्ने रोग बारे जानकारी

नसर्ने रोगबाट बच्न :

- मध्यपान, धुम्रपान नगर्ने,
- शारीरिक रुपमा सक्रिय रहने,
- नुन र चीनिको कम प्रयोग गर्ने,
- सुर्तिजन्य पदार्थको प्रयोग नगर्ने,
- सागपात र फलफूल प्रसस्त खाने,
- समय समयमा स्वास्थ्य जाँच गर्ने ।

स्वास्थ्य सेवा कार्यालय, डोल्पा

## स्वच्छ र स्वस्थ्य डोल्पा

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय समयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट बिरुवा तथा फूको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय समयमा मर्मत संभार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं,

डोल्पालाई सुन्दर बनाऔं

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा

# जैविक विविधतामाथि बढ्दो खतरा

- इन्द्राकुमारी केसी

घोडाघोडी (कैलाली), असार । कैलालीको गौरीगङ्गा नगरपालिका-४ स्थित वसन्ता हरियाली, कालिका तथा वडा नं ८ मा रहेको गौरीगणेश र शिवशक्ति सामुदायिक वन क्षेत्र जैविक विविधता संरक्षणका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छन् । हरियाली, प्राकृतिक सौन्दर्य र वन सम्पदाले समृद्ध यी वन क्षेत्र तराई र चुरे भूभागलाई जोड्ने महत्त्वपूर्ण जैविक कोरिडोर ९वन्यजन्तु आवतजावत मार्गका रूपमा रहेका छन् ।

पूर्व-पश्चिम राजमार्गसँगै फैलिएको यो कोरिडोर वन्यजन्तुको नियमित आवागमन हुने क्षेत्र हो । डमरु हुर्काउनका लागि सो क्षेत्रमा पाटेबाघ पनि आउने गर्दछन । तर यही संवेदनशील वन क्षेत्र फोहर व्यवस्थापनको नाममा डम्पिङसाइटका रूपमा प्रयोग हुन थालेपछि यसको पर्यावरणीय महत्वमाथि गम्भीर चुनौती थपिँदै गएको छ ।

राजमार्ग छेउछाउमा जथाभावी फालिने फोहरले वन क्षेत्रको प्राकृतिक सौन्दर्य मात्रै होइन, समग्र पारिस्थितिक प्रणालीलाई नै जोखिममा पार्न थालेको छ । प्लास्टिकजन्यलगायत विभिन्न प्रकारका फोहर वन क्षेत्रमै थुपारिँदा वातावरणमा प्रत्यक्ष असर पुर्‍याएको छ भने वन्यजन्तुको वासस्थान, आहार प्रणाली र आवागमन मार्गसमेत प्रभावित हुन थालेका छन् ।

फोहरको थुप्रोले वन क्षेत्र प्रभावित

वन क्षेत्रमा फोहर व्यवस्थापनको समस्याले वातावरणीय सन्तुलन र जैविक विविधता संरक्षणमा गम्भीर चुनौती थपिएको छ । पूर्व-पश्चिम राजमार्गसँगै फैलिएको वसन्ताजस्तो संवेदनशील वन क्षेत्रमा वर्षौंदेखि फोहर फालिने क्रम जारी रहँदा यसको प्रत्यक्ष असर वन्यजन्तुको वासस्थान, वनस्पति र समग्र पारिस्थितिक प्रणालीमा पर्न थालेको छ । संरक्षणकर्मी विजयराज श्रेष्ठ भन्नुहुन्छ, “जैविक मार्गभित्र जथाभावी फोहर फालिनु अत्यन्तै चिन्ताजनक विषय हो । वसन्ता जैविकमार्ग वन्यजन्तुको जीवन रेखा हो । यस्ता क्षेत्रमा फोहर फाल्दा वन्यजन्तुको प्राकृतिक वासस्थान माथि प्रत्यक्ष हस्तक्षेप भएको छ ।”

उहाँका अनुसार फोहरको बढ्दो असरले दीर्घकालीन रूपमा जैविक विविधता संरक्षणमा गम्भीर समस्या सिर्जना गर्नसक्छ । फोहर व्यवस्थापनको अव्यवस्थित अभ्यासले मानव-वन्यजन्तु द्वन्द्व बढाउने जोखिम रहेको छ । फोहरमा रहेका प्लास्टिकजन्य पदार्थ, रासायनिक अवशेष तथा अन्य प्रदूषकतत्वले माटोको उर्वराशक्ति घटाउने, पानीका स्रोतहरू प्रदूषित गर्ने तथा वनस्पतिको प्राकृतिक वृद्धि प्रक्रियामा असर पुर्‍याउने खतरा बढेको उहाँको भनाइ छ ।

वन क्षेत्रमा डम्पिङसाइट सञ्चालन गरिनु गम्भीर वातावरणीय चुनौती भएको डिभिजन वन कार्यालय पहलमानपुरका वरिष्ठ डिभिजनल वन अधिकृत जनक पाध्या बताउनुहुन्छ । वन क्षेत्रमा फोहर फालिँदा वन्यजन्तुको वासस्थान खण्डित हुने, जैविक विविधता घट्ने तथा माटो र पानी प्रदूषित हुने जोखिम बढ्दै गएको छ उहाँको भनाइ छ । “वन क्षेत्रमा जथाभावी फोहर फाल्ने कार्यले तत्काल मात्र होइन, दीर्घकालीन वातावरणीय सङ्कट निम्त्याउन सक्छ”, उहाँ भन्नुहुन्छ ।

फोहरको असर वन क्षेत्रभित्र मात्र सीमित छैन । वर्षायाममा डम्पिङसाइटमा थुप्रिएको फोहर बगेर खोलानाला, नदी तथा अन्य जलस्रोतसम्म पुग्ने गर्दछ । यसबाट प्लास्टिकजन्य पदार्थ र विभिन्न रसायन भूमिगत पानीमा मिसिने जोखिमसमेत बढेको डिभिजन वन कार्यालय कैलालीका वरिष्ठ वन अधिकृत विश्वराज पण्डित बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “यसले स्थानीय बासिन्दाको स्वास्थ्य र वातावरण दुवैमा नकारात्मक प्रभाव पार्न सक्छ । पूर्व-पश्चिम राजमार्गसँगै रहेको यस क्षेत्रमा फैलिने दुर्गन्ध, दृश्य प्रदूषण र फोहरको थुप्रोले यात्रुहरूलाई समेत असहज बनाएको छ ।” प्राकृतिक सौन्दर्यका लागि परिचित वसन्ता क्षेत्रको छविमा समेत यसले असर पुर्‍याउन थालेको स्थानीय गोविन्द शर्मा बताउनुहुन्छ ।

विकल्पको अभावमा वन क्षेत्रमै डम्पिङ फोहर व्यवस्थापनका कारण वातावरणीय जोखिम बढ्दै गएका बेला स्थानीय तहहरू भने वैकल्पिक उपायको अभावसँग जुधिरहेका छन् । वन क्षेत्रभित्र डम्पिङसाइट सञ्चालन गरिनु उपयुक्त नभएको स्वीकार गरे पनि अधिकांश स्थानीय तहहरू वैकल्पिक स्थानको अभावका कारण बाध्यात्मक अवस्थामा रहेको बताउँछन् । गौरीगङ्गा नगरपालिकाले विगत लामो समयदेखि वसन्ता जैविक मार्गअन्तर्गत पर्ने वन क्षेत्रमा फोहर व्यवस्थापन गर्दै आएको छ । वातावरणीय दृष्टिले संवेदनशील मानिने यस क्षेत्रमा फोहर थुपार्दा वन्यजन्तु, वनस्पति तथा समग्र पारिस्थितिक प्रणालीमा नकारात्मक असर परिरहेको भए पनि तत्काल प्रयोग गर्न सकिने उपयुक्त स्थानको अभावले समस्या झन जटिल बनेको छ ।

गौरीगङ्गा नगरपालिकाका उपप्रमुख भोजबहादुर बम वन क्षेत्रमा डम्पिङसाइट सञ्चालन गर्नु नगरपालिकाको चाहना नभएको बताउनुहुन्छ । “उपयुक्त जमिन नपाउँदा बाध्य भई वन क्षेत्र प्रयोग गर्नु परेको हो । यो हाम्रो रोजाइ होइन”, उहाँ भन्नुहुन्छ, “हामीलाई पनि वन क्षेत्रमा फोहर फाल्नु उचित होइन भन्ने थाहा छ तर तत्काल प्रयोग गर्न सकिने अर्को विकेल्प नभएकाले यही स्थान प्रयोग गर्नु परेको हो ।” अहिले नयाँ स्थान पहिचानका लागि विभिन्न विकल्पहरूमा अध्ययन भइरहेको उहाँको भनाइ छ ।

फोहर व्यवस्थापनको समस्या केवल गौरीगङ्गा नगरपालिकामा मात्र सीमित छैन । कैलालीका अन्य स्थानीय तहहरू पनि यस्तै समस्याबाट प्रभावित छन् । बर्दगोरिया गाउँपालिका, घोडाघोडी नगरपालिका तथा लम्कीचुहा नगरपालिका लगायतका पनि वन क्षेत्रमै फोहर फालिरहेका छन् । घोडाघोडी नगरपालिकाका नगर प्रमुख खडक रावत भन्नुहुन्छ, “सङ्घीय सरकारबाट फोहर व्यवस्थापनका लागि बजेट प्राप्त भए पनि उपयुक्त स्थानको अभावले बजेट फ्रिज हुँदै गएको छ । उहाँका अनुसार फोहर व्यवस्थापन केन्द्र निर्माणका लागि आवश्यक जमिन प्राप्त गर्न नसक्दा उपलब्ध स्रोत र बजेट प्रभावकारी रूपमा उपयोग हुन सकेको छैन । “योजना र बजेट हुँदाहुँदै पनि कार्यान्वयनको सबैभन्दा ठूलो चुनौती उपयुक्त स्थानको अभाव हो”, रावत भन्नुहुन्छ, “स्थानीयस्तरमा फोहर फाल्ने स्थान नहुँदा हाललाई वन क्षेत्रमा नै अस्थायी विकल्प अपनाउन बाध्य भएका छौं ।”

स्थानीय तहहरू एकातिर वातावरणीय जोखिमबारे जानकार छन् भने अर्कोतिर व्यवहारिक रूपमा उपयुक्त विकल्पको अभावले उनीहरूलाई वन क्षेत्र प्रयोग गर्न बाध्य बनाएको छ । यस्तो अवस्थामा समस्या केवल व्यवस्थापनको कमजोरी मात्र नभई संरचनागत चुनौतीका रूपमा पनि देखिन थालेको छ ।

फोहरबाट अवसर

फोहर व्यवस्थापनको चुनौतीपूर्ण अवस्थाबीच सुदूरपश्चिम प्रदेशका केही स्थानीय तहहरूले भने फोहर व्यवस्थापनलाई समस्या होइन, अवसरका रूपमा उपयोग गर्ने अभ्यास सुरु गरेका छन् । यस्ता अभ्यासले फोहर व्यवस्थापनको समस्या समाधानको सम्भावना पनि देखाउँदै आएका छन् । वैज्ञानिक व्यवस्थापन, पर्याप्त लगानी र निजी क्षेत्रको सक्रिय सहभागिता भए फोहरलाई वातावरणीय जोखिमबाट आर्थिक अवसरमा रूपान्तरण गर्न सकिने उदाहरण प्रदेशमै स्थापित हुन थालेका छन् ।

कैलालीको गोदावरी नगरपालिकामा सञ्चालित एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र यस्तो सफल अभ्यासमध्ये एक हो । यहाँ सङ्कलित फोहरलाई वर्गीकरण गरी प्रशोधन तथा सुरक्षित व्यवस्थापन गर्दै आएको छ, जसले वातावरणीय प्रदूषण न्यूनीकरणसँगै दिगो फोहर व्यवस्थापनको आधार तयार गरेको छ । चौकीडाँडा महिला सामुदायिक वन क्षेत्रमा करिब रु एक अर्ब लागतमा निर्माण गरिएको फोहर व्यवस्थापन केन्द्रमा फोहर छुट्टाउने, प्रशोधन गने र पुनःप्रयोग गर्ने प्रणाली सञ्चालनमा छ । नगर प्रमुख वीरेन्द्र भट्टका अनुसार स्रोतमै फोहर वर्गीकरण गने अभ्यासले व्यवस्थापनलाई सहज बनाएको छ भने राजस्व पनि प्राप्त हुँदै आएको छ ।



# युवा पलायन रोक्ने उपाय

- शङ्करप्रसाद गौतम

केही वर्षपहिलेसम्म नेपालमा कृषि, उद्योग, व्यापार र व्यवसाय गर्न पूर्वाधारको अभाव भएको मानिन्थ्यो । त्यसबखत सडक, विद्युत्, खाने पानी, सिँचाइ, सञ्चार जस्ता पूर्वाधार को पहुँच न्यून थियो । नेपाल सरकारले पहिलो पञ्चवर्षीय योजनादेखि हाल कार्यान्वयनमा रहेको १६ औँ पञ्चवर्षीय योजनासम्म पूर्वाधारको विकासलाई नै बढी प्राथमिकता दिँदै आएको छ । पञ्चायत र बहुदलीय व्यवस्थामा समेत समयसापेक्ष पूर्वाधारकै विकास र विस्तार हुँदै आएको थियो । देश सङ्घीय गणतान्त्रिक व्यवस्थामा परिणतपश्चात् तिनै तहका सरकारका प्राथमिकता पूर्वाधार को विकास विस्तारमै व्यतीत भएको छ । पूर्वाधारका अभावमा जनता गाउँघरमै कृषि पेसामा रमाएर बसेका थिए । अहिले गाउँ गाउँमा पूर्वाधार पुगेका छन् तथापि गाउँघरमा जनसङ्ख्या घट्दो छ ।

कृषि, उद्योग, व्यापार तथा व्यवसाय सञ्चालनका लागि आवश्यक पूर्वाधार को अभाव अब देखिँदैन । तथापि अपेक्षा अनुसार उद्योग, व्यापार र व्यवसायको विस्तार हुन सकेको छैन । प्लस टु तथा सोभन्दा माथिल्लो शिक्षा हासिल गरेपछि धेरै जसो युवाको प्रमुख लक्ष्य नै विदेश पलायन हुने छ । देशको युवा तथा शिक्षित जनशक्ति रोजगारीका अवसर खोज्दै बिदेसिने क्रम तीव्र बनेको छ । अरबौं रुपियाँ लगानी गरेर निर्माण गरिएका पूर्वाधारसमेत अपेक्षित आर्थिक उपयोगमा आउन नसकी तथ्याङ्कीय उपलब्धि जस्तो मात्र सीमित हुँदै गएका छन् । यस्तो अवस्थामा शासनसत्तामा रहेका राजनीतिज्ञ, कर्मचारीतन्त्र तथा सम्बन्धित सरोकारवालाले गम्भीर रूपमा मनन र विश्लेषण गर्नु आवश्यक छ । युवा तथा शिक्षित जनशक्ति पलायनका धेरै कारण छन् । तीमध्ये केही कारणमा सुधार गर्न सकिएमा भविष्यमा जनशक्ति पलायन रोक्न र विदेशमा भएका दक्ष जनशक्ति आकर्षित गरी नेपाल फर्काउने सम्भावना रहन्छ ।

हाम्रो देशको परम्परागत शिक्षा पद्धतिमा ज्ञानसँगै सिप, प्रविधि, आचरण र नैतिकताका पक्षसमेत समेटिएका थिए । यी पक्ष आज पनि समाजका लागि उत्तिकै उपयोगी र प्रभावकारी छन् तर वर्तमान समय प्रविधिको तीव्र विकाससँगै विश्व एकै छातामुनि आएको सन्दर्भमा परम्परागत ज्ञान र सिपलाई आधुनिक प्रविधिसँग समायोजन गर्नु आवश्यक थियो, जुन दिशामा अपेक्षित ध्यान पुग्न सकेन । साथै स्थानीय पेसा, व्यवसाय, मूल्यमान्यता, भाषा, कला र संस्कृतिको संरक्षण तथा प्रवर्धन गर्ने किसिमको पाठ्यक्रम विकास गर्न पनि पर्याप्त पहल हुन सकेन । फलस्वरूप, शिक्षा प्राप्त गरेका युवा तथा शिक्षित वर्ग देशमै टिक्न नसकी वैदेशिक रोजगारीतर्फ आकर्षित हुन थाले ।

लोक सेवा आयोगको वर्तमान पाठ्यक्रम अपेक्षाकृत रूपमा परम्परागत प्रकृतिको रहेको र आजको युगसँग पूर्ण रूपमा मेल खान नसकेको देखिन्छ । बदलिँदो समय, प्रविधि र प्रशासनिक आवश्यकतासँग तालमेल मिलाउँदै पाठ्यक्रमलाई समयानुकूल परिमार्जन र सुधार गर्दै लैजानु आवश्यक छ । किनकि परीक्षाको तयारीका लागि अतिरिक्त एकदेखि दुई वर्षसम्म विशेष अध्ययन गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

नेपालका विश्वविद्यालयको परीक्षाफल प्रकाशन गर्ने समय र लोक सेवा आयोगको विज्ञापन प्रकाशित गने समयबिच आवश्यक तादात्म्यको अभाव देखिन्छ । हालको अवस्थालाई हेर्दा विश्वविद्यालयमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी लोक सेवा आयोगको परीक्षामा अपेक्षाकृत कम मात्र सफल हुने गरेको पाइन्छ । अर्थात् विश्वविद्यालयका टपर विद्यार्थी निजामती सेवामा कम मात्र प्रवेश गने प्रवृत्ति छ । तसर्थ विश्वविद्यालयका उत्कृष्ट विद्यार्थीलाई निजामती सेवातर्फ आकर्षित र समावेश गर्न सकिने रणनीति विकास गर्न लोक सेवा आयोगले विशेष ध्यान दिनु आवश्यक छ । शिक्षा र स्वास्थ्य दुवै क्षेत्र क्रमशः महँगो हुँदै गइरहेका छन् । सानो तथा सीमित आम्दानीले उच्च शिक्षा हासिल गर्न र आवश्यक स्वास्थ्य उपचार गर्न कठिन हुने अवस्था बढ्दै गएको छ । मेहनतपूर्वक अध्ययन गरेर योग्यता हासिल गरे पनि सो अनुसार को रोजगारी प्राप्त नहुनु अर्को चुनौती देखिएको छ । प्राडा विश्वनाथ कोइरालाले एक लेखमा सरल र सुलभ शिक्षाका केही सूत्र प्रस्तुत गर्नुभएको भए पनि त्यसतर्फ राज्यको ध्यान अपेक्षित रूपमा केन्द्रित हुन सकेको छैन । शिक्षा ऐन तर्जुमा गर्नुपर्ने विषयमा समेत सरोकारवालाले आन्दोलन गर्नुपर्ने अवस्था सिर्जना हुनु वर्तमान प्रणालीगत कमजोरीको सङ्केत हो ।

स्वास्थ्य बिमा कार्यक्रम पनि अनिवार्य रूपमा लागु हुन नसक्दा यसको दायरा सीमित छ । हाल स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या करिब २१ प्रतिशत मात्र रहेको तथ्यले यसलाई पुष्टि गर्छ । शिक्षा र स्वास्थ्य दुवै महँगो र पहुँचयोग्य नभएकै कारण धेरै मानिस वैदेशिक रोजगारीतर्फ जान बाध्य छन् ।

उद्योग तथा व्यवसायसँग सम्बन्धित कतिपय ऐन कानुन अझै पनि राणा तथा पञ्चायतकालीन संरचनाबाट प्रभावित छन् । यस्ता कानुन वर्तमान खुला अर्थतन्त्र र उदारीकरणको नीतिसँग पूर्ण रूपमा मेल खाने खालका छैनन् । परिणामस्वरूप एकातर्फ स्वदेशमै उद्योग-व्यवसायमा लगानी गर्ने अनुकूल वातावरण निर्माण हुन सकेको छैन भने अर्को तर्फ विदेशी लगानीसमेत अपेक्षित रूपमा आकर्षित गर्न कठिनाइ भइरहेको छ । नीतिगत कमजोरी र अस्पष्टताकै कारण कतिपय ठुला परियोजना तथा उद्योग, जस्तै पतञ्जली र गिरीबन्धुसम्बन्धी विषय, विवादमा तानिएका देखिन्छन् । यस्ता विवादले केवल उद्योग क्षेत्र मात्र होइन, राजनीतिक नेतृत्वसमेत प्रश्नको घेरामा पर्ने अवस्था सिर्जना भएको छ । यदि समयमै आवश्यक कानुनी सुधार र परिमार्जन गर्न सकिएन भने यस्ता समस्या झन् जटिल बन्दै जाने निश्चित देखिन्छ । त्यसैले बदलिँदो आर्थिक परिवेश अनुसार ऐन कानुनको पुनरवलोकन र अद्यावधिक गर्नु अत्यावश्यक छ । कृषकले मेहनतपूर्वक कृषि तथा पशुजन्य उत्पादनहरू उत्पादन गर्दै आएका छन् तर ती उत्पादनको बिक्रीका लागि सुनिश्चित बजारको अभाव छ ।

हाल सङ्घीय, प्रदेश र स्थानीय गरी तीन तहका सरकार क्रियाशील छन् । यस्तो संरचनाको प्रभावकारी उपयोग गर्दै कृषकका उत्पादनको बिक्री सुनिश्चित हुने व्यवस्थित बजार प्रणाली र आपूर्ति शृङ्खला विकास गर्न सकिए कृषि क्षेत्र सुदृढ बन्न सक्छ । यसले कृषि उद्योगको विस्तारमा समेत टेवा पुऱ्याउने छ । यदि कृषि उत्पादनको उचित बजार व्यवस्थापन गर्न सकियो भने युवा तथा शिक्षित वर्ग पनि कृषि पेसातर्फ आकर्षित हुने सम्भावना बढ्छ, जसले ग्रामीण अर्थतन्त्रलाई समेत बलियो बनाउन सहयोग पुऱ्याउने छ ।

साभार: गोरखापत्रअनलाइन


## बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

जगदुल्ला गाउँपालिका, डोल्पा



## डढेलोबाट जोगिऔं र जोगाऔं ।

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ

डढेलोबाट जोगिन

- जथाभावीरुपमा वन तथा जंगल क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरुपमा व्यवस्थापन गरौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,

वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।

डिभिजन वन कार्यालय दुनै, डोल्पा



## युवा सशक्तिकरण गरौं

युवा सशक्तिकरण किन :

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सेचत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

# राष्ट्रिय संवादको खाँचो

- भुवन न्यौपाने

नेपालको समसामयिक राजनीतिक परिवेश बदलिएको छ । अभूतपूर्व जनादेशसहित नयाँ पुस्ताले शासनको बागडोर सञ्चालन गरेको छ । एउटै दलका लागि स्पष्ट जनादेशको सङ्ख्याले सरकार सञ्चालन सहज छ । सङ्घीय संसद् भने सहज रूपमा सञ्चालन हुन सकिरहेको छैन । प्रमुख दलका शीर्ष नेतृत्व संवादको एउटै टेबल, एउटै एजेन्डा र एउटै मार्ग राष्ट्रिय संवादमा जोडिएका छैनन् । नेपालमा विगतदेखिको राजनीतिक अस्थिरता, आर्थिक चुनौती, सुशासनको अभाव, बढ्दो जनअसन्तुष्टि तथा विकासनिर्माणका जटिल समस्यासँग अहिले पनि जुधिरहेको छ । यस्ता बहुआयामिक समस्याको समाधान कुनै एक दलको बहुमत, एक सरकारको निर्णय वा सीमित राजनीतिक शक्तिको प्रयासबाट मात्र सम्भव हुँदैन । मुलुकको समग्र रूपान्तरणका लागि सामूहिक सत्प्रयासको खाँचो पर्छ ।

विगतमा संवाद र सहकार्यबाट जटिल समस्या समाधान गरी निकास निकालेको इतिहास छ । नेपाल यतिबेला राजनीतिक अविश्वास, संसदीय गतिरोध, सुशासनप्रतिको बढ्दो प्रश्न र आर्थिक चुनौतीका बिचबाट गुज्रिरहेको छ । लोकतान्त्रिक व्यवस्थाको मूल आधार संवाद, सहमति र सहकार्य हो । पछिल्ला दिनमा राजनीतिक दल बिचको अविश्वास, संसद्को निरन्तर अवरोध, सार्वजनिक नीतिमा देखिएको अस्थिरता तथा राष्ट्रिय महत्वका विषयमा साझा दृष्टिकोणको अभावले लोकतान्त्रिक संस्थाप्रति नागरिकको विश्वास कमजोर बनाएको छ । यस्तो परिस्थितिमा राजनीतिक प्रतिस्पर्धालाई लोकतान्त्रिक मर्यादाभित्र राख्दै राष्ट्रिय हितका विषयमा साझा धारणा निर्माण गर्न व्यापक राष्ट्रिय संवादको आवश्यकता छ ।

### संविधानको सर्वव्यापी संवाद

संविधान कुनै सरकार, दल वा सीमित समूहको दस्तावेज मात्र होइन, यो राष्ट्रको साझा राजनीतिक सामाजिक सम्झौता हो । यसको संशोधन जस्तो संवेदनशील र दूरगामी प्रभाव पाने विषयमा व्यापक सहमति, समावेशी सहभागिता र गहन अध्ययन अपरिहार्य हुन्छ । हाल सरकारका सल्लाहकारको नेतृत्वमा संविधान संशोधनसम्बन्धी कार्यदल गठन गरेर छलफल अघि बढाइएको भए पनि प्रमुख राजनीतिक दल अझै प्रभावकारी रूपमा त्यस प्रक्रियामा सहभागी हुन सकेका छैनन् । यस्तो अवस्थामा संविधान संशोधन प्रक्रिया अपेक्षित रूपमा विश्वासिलो र सर्वस्वीकार्य बन्न कठिन हुन्छ । संविधान निर्माणमा जुन दलले नै मुख्य जिम्मेवारी निर्वाह गरेका थिए ती दललाई सहभागी नबनाई गरिने छलफल पक्कै पनि पूर्ण हुन सक्दैन । संविधान जस्तो महत्वपूर्ण विषयमा सरकार कार्यदल निर्माण गर्दा चुकेको छ ।

संविधानविद्, लोकतन्त्र तथा सुशासनका अभियन्ता, विभिन्न राजनीतिक दल, नागरिक समाज, कानुन व्यवसायी, प्राध्यापक तथा अन्य सरोकारवाला निकायको सहभागिता र मिहिन छलफलबिना संविधानका जटिल विषयमा निष्कर्षमा पुग्नु उपयुक्त हुँदैन । संविधान संशोधनको उद्देश्य कुनै राजनीतिक लाभ हासिल गर्नु नभई राज्यव्यवस्थालाई अझ प्रभावकारी, समावेशी र जनउत्तरदायी बनाउनु हो । त्यसका लागि सरकारले आफ्नो नियन्त्रण वा प्रभावभन्दा बाहिर रहने स्वतन्त्र अध्ययन कार्यदल गठन गरी सबै पक्षलाई सम्मानजनक रूपमा सहभागी गराउनु पर्छ । खुला बहस, तथ्यमा आधारित अध्ययन र साझा सहमतिबाट अघि बढाइने संशोधन प्रक्रियाले मात्र जनविश्वास हासिल गर्न सक्छ । राष्ट्रिय महत्वको यस्तो विषयमा सबैलाई समेट्ने प्रयास नै सफल संविधान संशोधनको आधार बन्न सक्छ ।

नेपालको संविधान, २०७२ सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधारभूत दस्तावेज हो । संविधानले राज्य सञ्चालनको मार्गनिर्देशन मात्र गर्दैन, नागरिक अधिकार, समावेशिता, सङ्घीयता र लोकतान्त्रिक मूल्यको पनि सुनिश्चित गर्छ । संविधान जारी भएको एक दशक पुग्दा पनि यसको कार्यान्वयन, व्याख्या र व्यावहारिक पक्षमा विभिन्न प्रश्न उठिरहेका छन् । संविधानप्रति स्वामित्वबोध बढाउन, सङ्घीय संरचनालाई थप प्रभावकारी बनाउन र नागरिक तहसम्म संवैधानिक चेतना विस्तार गर्न सर्वव्यापी संवाद आवश्यक छ । संविधान कुनै राजनीतिक दलको दस्तावेज होइन, सम्पूर्ण नेपाली जनताको साझा मार्गदर्शन हो । संविधान संशोधनका विषय भावनात्मक वा दलगत दृष्टिकोणभन्दा राष्ट्रिय आवश्यकता, लोकतान्त्रिक मूल्य र दीर्घकालीन स्थायित्वलाई केन्द्रमा राखेर संविधानको सफल कार्यान्वयनका लागि दल, नागरिक समाज, बौद्धिक वर्ग र आमनागरिकबिच निरन्तर संवाद अपरिहार्य छ ।

### कूटनीतिक कौशलताको संवाद

नेपाल दुई विशाल छिमेकी राष्ट्र भारत र चीनबिचमा अवस्थित एक महत्वपूर्ण भूरणनीतिक मुलुक हो । वर्तमान विश्व व्यवस्थामा भूराजनीतिक प्रतिस्पर्धा तीव्र बन्दै जाँदा नेपालले आफ्नो राष्ट्रिय हितको संरक्षण गर्दै सन्तुलित, परिपक्व र दूरदर्शी कूटनीति अवलम्बन गर्नुपने आवश्यकता बढेको छ । हाल सीमा, व्यापार, लगानी, श्रम आप्रवासन, जलस्रोत तथा क्षेत्रीय सहकार्य जस्ता विषयमा राष्ट्रिय सहमति कमजोर देखिन्छ । विदेश नीति सरकार परिवर्तनसँगै बदलिने विषय होइन । यसमा राष्ट्रिय निरन्तरता र स्थिरता आवश्यक हुन्छ । नेपालको विदेश नीति, छिमेकी सम्बन्ध र राष्ट्रिय सुरक्षाका विषयमा दलहरूबिच नियमित संवाद हुनु पर्छ । विवादित र समस्याका विषयलाई सरकारले उच्चस्तरीय द्विपक्षीय संवादमार्फत समाधानको उपाय निकाल्नु पर्छ ।

बदलिँदो वैश्विक शक्ति सन्तुलनले नेपालको विदेश नीति र आन्तरिक राजनीतिक स्थिरतामाथि पनि प्रभाव पार्छ । नेपाल दुई प्रभावशाली छिमेकी शक्ति भारत र चीनबिच सीमालगायत सुरक्षा संवेदनशीलताका ज्वलन्त विषय थाती छन् । यस्तो अवस्थामा नेपाललाई सन्तुलित कूटनीति, रणनीतिक दूरदृष्टि र राष्ट्रिय हितमा आधारित नीति आवश्यक छ । राष्ट्रिय हितका संवेदनशील विषयमा आन्तरिक विभाजनले अन्तर्राष्ट्रियस्तरमा नेपालको स्थिति कमजोर बनाउँछ । संसद्, राजनीतिक दल, कूटनीतिक समुदाय, विज्ञ तथा नीति निर्माताबिच व्यापक संवादको माध्यमबाट साझा राष्ट्रिय दृष्टिकोण निर्माण गर्न आवश्यक छ । यही नै नेपालको कूटनीतिक क्षमता सुदृढ गर्ने आधार बन्न सक्छ ।

### सुशासन र समुन्नतिको संवाद

राजनीतिक स्थायित्वको अन्तिम उद्देश्य नागरिकको जीवनस्तर सुधार गर्नु हो । आज पनि बेरोजगारी, भ्रष्टाचार, सेवा प्रवाहमा ढिलासुस्ती, विकास आयोजनाको कमजोर कार्यान्वयन र आर्थिक निराशा आमनागरिकका प्रमुख चिन्ताका विषय बनेका छन् । युवा विदेश पलायन भइरहेका छन् भने उत्पादनशील क्षेत्र अपेक्षित रूपमा विस्तार हुन सकेको छैन । यस्तो अवस्थामा सुशासन र समुन्नतिको विषयलाई दलगत प्रतिस्पर्धाभन्दा माथि उठाएर राष्ट्रिय एजेन्डाका रूपमा स्थापित गर्नु पर्छ । सुशासन केवल भ्रष्टाचार नियन्त्रणको विषय मात्र होइन यो उत्तरदायित्व, पारदर्शिता, प्रभावकारी सेवा प्रवाह र विधिको शासनसँग जोडिएको विषय हो । राज्यका निकाय, निजी क्षेत्र, नागरिक समाज, युवा तथा विज्ञ समूहबिच खुला संवादमार्फत विकासको साझा मार्गचित्र निर्माण गर्न आवश्यक छ ।

सुशासन र समुन्नति कुनै सरकारको नारा मात्र होइन, लोकतान्त्रिक शासनप्रणालीको आधारभूत लक्ष्य हो । सुशासनको कुरा गर्ने तर व्यवहारमा सत्तापक्षसँग आबद्ध व्यक्तिका त्रुटि, अनियमितता वा कमजोरीलाई संरक्षण गर्ने र प्रतिपक्षसँग सम्बन्धित व्यक्तिमाथि मात्र कारबाही केन्द्रित गर्ने प्रवृत्तिले सुशासनको मर्ममाथि नै प्रश्न उठाउँछ । कानुनको शासन भनेको सबै नागरिक र राजनीतिक शक्तिलाई समान मापदण्डमा हेर्नु हो । राज्यका निकाय निष्पक्ष, पारदर्शी र उत्तरदायी हुन सकेनन् भने सुशासन केवल भाषण र घोषणापत्रमा सीमित रहन्छ । आजको मुख्य ध्येय सत्ता चलाउने भन्दा पनि राजनीतिक संस्कृतिलाई कसरी रूपान्तरण गने भन्ने हो । यही अवसरमा जिम्मेवारी प्राप्त दलले जनताको .... (गोपबाट)


## स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं । नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर वाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात सावुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा